# बारबर्दिया नगरपालिकाको विनियोजन विधेयक, २०७८

बारबर्दिया नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८

सभामा पेश मिति २०७८/०३/०८

प्रस्तावना : बारबर्दिया नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "बारबर्दिया नगरपालिकाको विनियोजन ऐन, २०७८ रहेको छ" ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७८/०७९ को नगरकार्यपालिका ,वडा स्तरीय बजेट, वन वातावरण तथा विपद व्यवस्थापन तर्फ,स्वास्थ्य सेवा ,शिक्षा,युवा तथा खेलकुद,लक्षित वर्ग,कृषि तथा पशु विकास, स्वरोजगार कार्यक्रम लगायत शाखाहरुले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसुचि १ मा उल्लेखित चालु खर्च , पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी रु. १,०३,४२,५२,४००/- **अक्षरुपि एक अरब तिन करोड बयालिस लाख बाउन्न हजार चार सय मात्र** मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३.विनियोजन :(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निम्ति बारबर्दिया नगरपालिकाको नगर कार्यपालिका,वडा स्तरीय बजेट,वन वातारवरण तथा विपद व्यवथापन तर्फ, स्वास्थ्य सेवा, शिक्षा ,युवा तथा खेलकुद, लक्षित वर्ग,कृषि तथा पशु,स्वरोजगार कार्यक्रमले गर्ने सेवा र कार्यहरुको निम्ति विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा स्तरीय बजेट, वन, वातावरण तथा विपद् व्यवस्थापन, स्वास्थ्य सेवा, शिक्षा, युवा, शिक्षा, युवा तथा खेलकुद, लक्षितवर्ग, कृषि तथा पशु विकास, स्वरोजगार कार्यक्रमले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजि रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा अन्यत्र सार्न सकिने छैन ।
तर चालू तथा पूजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

अनुसुचि १

दफा २ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२९(२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम

| राजश्व अनुमान | | बाडफाड (सीमा) | | |
|---|---|---|---|---|
| शिर्षक | आ.व. ०७८/७९ को अनुमानित आय | सि.नं. | निकाय/शाखा/कार्यालयको नाम | बजेट सीमा रकम |
| ाजस्वः | | | | |
| ान्तरिक राजस्व | ८५,०००,०००.०० | | नगरपालिका तर्फ चालु खर्च | १२०,०००,०००.०० |
| ाजस्व बाँडफाँट | | १ | गत आवको पूजीगत दायित्व | ११०,३००,०००.०० |
| ाँडफाँट भई प्राप्त हुने आएका मु.अ.कर | ६१,९७९,५००.०० | | नगरस्तरिय कार्यक्रम | ९,०००,०००.०० |
| ाँडफाँट भई प्राप्त हुने आएको अन्तशुल्क | ६१,९७९,५००.०० | २ | सशर्त अनुदान (प्रदेश | ११,५४४,०००.०० |
| न रोयल्टी | | ३ | समपुरक अनुदान (प्रदेश | १९,९४०,०००.०० |
| ानी रोयल्टी | | ४ | बिशेष अनुदान (प्रदेश | ७,०००,०००.०० |
| लस्रोत रोयल्टी | | ५ | सशर्त अनुदान( संघ | ३३३,७००,०००.०० |
| र्वतारोहण रोयल्टी | | ६ | समपुरक अनुदान ***भिममार्ग कालोपत्रे*** | १३,९००,०००.०० |
| दयात्रा रोयल्टी | | ७ | विशेष अनुदान ***सहिद विष्णुधनी बप्रा शिक्षालय*** | २२,४००,०००.०० |
| | | | अन्य आय (सामाजिक सुरक्षा भत्ता | १६९,४६९,०००.०० |
| र्यटन सेवा शुल्क रोयल्टी | | ८ | स्वास्थ्य शाखा | ३२,५००,०००.०० |
| देश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड | १४,३३३,९००.०० | ९ | पशु सेवा शाखा | ५,०००,०००.०० |
| **अन्तरसरकारी वित्तिय हस्तान्तरणः** | | १० | कृषि विकास शाखा | ६,०००,०००.०० |
| **नेपाल सरकारबाट प्राप्त अनुदानः** | | ११ | महिला तथा वालवालिका शाखा | २,५००,०००.०० |
| वित्तिय समानीकरण अनुदान | १८१,१००,०००.०० | १२ | शिक्षा तथा खेलकुद शाखा | ५५,०००,०००.०० |
| सशर्त अनुदान | ३३३,७००,०००.०० | १३ | वन तथा विपद व्यवस्थापन तर्फ | ५,०००,०००.०० |
| समपुरक अनुदान ***भिममार्ग कालोपत्रे*** | १३,९००,०००.०० | १४ | आर्थिक विकास शाखा | १,२००,०००.०० |
| विशेष अनुदान ***सहिद विष्णुधनी बप्रा शिक्षालय*** | २२,४००,०००.०० | १५ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १००,०००.०० |
| **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | | १६ | न्यायिक समिति | ३,५००,०००.०० |
| वित्तिय समानीकरण अनुदान | ८,६५०,०००.०० | १७ | गरिबसँग विश्वेश्वर | २००,०००.०० |
| सशर्त अनुदान | ११,५४४,०००.०० | १८ | सूचना प्रविधी उपशाखा | १,०००,०००.०० |
| समपुरक अनुदान | १९,९४०,०००.०० | १९ | विष्णुधनि प्राविधिक शिक्षालय | १२,५००,०००.०० |
| बिशेष अनुदान | ७,०००,०००.०० | २० | राजस्व शाखा | ५००,०००.०० |
| अन्य आय (सामाजिक सुरक्षा भत्ता | १६९,४६९,०००.०० | २१ | १ नं. वडा कार्यालय | ९,३६४,२००.०० |
| **गत आ.व. को मौज्दात** | | २२ | २ नं. वडा कार्यालय | ६,९०१,५००.०० |
| दायित्व हस्तान्तरण | - | २३ | ३ नं. वडा कार्यालय | ७,७१२,७००.०० |
| अ.ल्या. | ४३,२५६,५००.०० | २४ | ४ नं. वडा कार्यालय | ८,६९२,०००.०० |
| **जम्मा** | १,०३४,२५२,४००.०० | २५ | ५ नं. वडा कार्यालय | ७,१४०,२००.०० |
| | | | ६ नं. वडा कार्यालय | ७,६९२,३००.०० |
| | | | ७ नं. वडा कार्यालय | ८,६२५,७००.०० |
| | | | ८ नं. वडा कार्यालय | ७,६९५,७००.०० |
| | | | ९ नं. वडा कार्यालय | ८,९७५,७००.०० |
| | | | १० नं. वडा कार्यालय | १०,१३३,४००.०० |
| | | | ११ नं. वडा कार्यालय | ९,०६६,०००.०० |
| | | | | १,०३४,२५२,४००.०० |

बारबर्दिया नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत